# भोटेकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फुल्पिङकट्टि, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फोन नं. : ०१-६२०१८१७
ईमेल : ito.bhotekoshimun@gmail.com
वेवसाइट : www.bhotekoshinum.gov.np


पत्र संख्या: २०७९।०८०
चलनी नं. : ७६८०८

भोटेकोशी गाउँपालिका फुल्पिङकट्टी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

## किसान सूचिकरण सहजकर्ता (गणक) को लागि दरखास्त आह्वन गरिएको सूचना

प्रथम पटक सुचना प्रकाशित मिति : २०८०।०१।११

यस भोटेकोशी गाउँपालिकाको आ.व. २०७९।०८० को वार्षिक स्वीकृत शसर्त कार्यक्रमको किसान सूचीकरण कार्यक्रम अनुसार किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ अर्न्तगत खाद्य अधिकार तथा खाद्य संम्प्रभुता सम्बन्धी ऐन २०७५ को दफा १४ को उपदफा १ कार्यान्वयनका लागि किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराईने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिबृद्धि गर्न आवश्यक विवरणहरु विद्युतीय प्रणाली मार्फत संकलन गरी किसान सूचीकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ । साथै किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ को परिच्छेद ७ (जनशक्ती व्यवस्थापन) को दफा २ मा रहेको व्यवस्थापन अर्न्तगत यस गाउँपालिकाका वडाहरुमा सहजकर्ता (गणक) सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**१) आवश्यक पद :**

| क्र.स. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|
| १ | किसान सूचीकरण सहजकर्ता (गणक) | ९ | |

**२) आवश्यक योग्यता :**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सोसरह उत्तिर्ण ।
- इन्टरनेट चलाउन सक्ने ।
- एन्ड्रोइड (android) फोन वा स्मार्ट (smart) फोन वा ट्याब्लेट (tablet) वा ल्यापटप (laptop) अनिवार्य भएको ।
- अनुभवीलाई पहिलो प्राथमिकता दिईने
- एन्ड्रोइड (android) फोन वा स्मार्ट (smart) फोन वा ट्याब्लेट (tablet) वा ल्यापटप (laptop) मा नेपाली टाईप गर्न सक्ने ।

**३) दरखास्तसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजात :**

- हस्तलिखित निवेदन ।
- हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३ प्रति ।
- शैक्षिक योग्यताको प्रमाणपात्रको प्रमाणित प्रतिलिपी ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
- तालिम तथा अनुभवको प्रमाणित प्रतिलिपी ।

२०८०।१।११

भद्र बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

**४) उमेरको हद :**

- पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ ननाघेको र महिलाको हकमा ४० ननाघेको ।

**५) कार्य अवधि :**

- १ महिना

**७) दरखास्त शुल्क** : रु. १००।-